१९०

# राष्ट्रिय सूचना आयोगको
## आदेश
मु.नं. ३१०/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ........................................................ १ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं .................................. १ विपक्षी

सूचना अधिकारी, महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं .................................. १

विषय :- दस्तुर बुझाई सूचना दिने जानकारी सम्बन्धमा ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१०।२२ मा पुनरावेदन गरेकोमा महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौंको राजश्व शाखामा दस्तुर दाखिला गरी सूचना लिन आउनू भन्ने बोधार्थ पत्र प्राप्त भएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदा देवी तिम्सिना<br>(सूचना आयुक्त) | किरण कुमार पोखरेल<br>(सूचना आयुक्त) | कृष्णहरि बाँस्कोटा<br>(प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल फागुन १० गते रोज १ शुभम् ।